## आव्हान

## नेपालको प्राकृतिक सम्पदा र यसको सुरक्षित भविष्य

नेपालमा शान्तिको आगमनसँगै हामी सबै सरोकारवालाहरू नेपाल सरकार राजनैतिक दलहरू, ग्रामीण तहका संगठनहरु दातृ संस्थाहरू, अन्तराष्ट्रिय शुभचिन्तकहरु तथा समस्त नेपाली नागरिकहरू समक्ष नेपालको प्राकृतिक सम्पदाको सुरक्षाको निम्ति आह्वान गर्न चाहन्छौ । यसबाट मात्र मुलुकमा दिगो र समानुपातिक सामाजिक तथा आर्थिक विकास र जैविक विविधता संरक्षणको बाटो निर्माण हुने छ ।

विगतमा भएका राजनैतिक उतार चढावको क्रममा जैविक विविधता तथा वातावरण संरक्षणको क्षेत्रमा धेरै नकारात्मक कार्यहरु हुन पुगे । यस्तो इतिहास पुनः नदोहरियोस् भन्नका लागि हामीले तत्काल आवश्यक कदमहरू चाल्नु परेको छ । हामी सबै राजनैतिक दलहरू, नागरिक समाज र अन्य सरोकारवालाहरूको सल्लाहमा यस्तो जरुरी कार्यको लागि ठोस कदम चाल्न नेपाल सरकारलाई  आह्वान गर्दछौ ।

दिगो विकाससंग जैविक विविधता र वातावरण संरक्षणको अन्योन्याश्रित सम्वन्ध रहेको हुन्छ । यदि नयाँ निर्माण हुन लागेको संविधानले नेपालको प्राकृतिक श्रोतको सुरक्षा, संरक्षण, वातावरणीय न्याय र समानुपातिक वितरणको अवधारणलाई अङ्गिकार गर्न सकेमा नेपाली जनतालाई अपार फाइदा पुग्ने छ ।

जनसहभागिता र जन चाहना अनुरुप सञ्चालन भई रहेको जैविक विविधता र वातावरण संरक्षण सम्वन्धी केहि उत्कृष्ट कार्यहरु र नीतिका कारण नेपाल विश्व मै परिचित भई सकेको छ । समुदायमा आधारित प्राकृतिक श्रोत व्यवस्थापन, सामुदायिक वन, संरक्षित क्षेत्रबाट प्राप्त हुने आम्दानीको मध्यवर्ती क्षेत्रका वासिन्दाहरुसँग बाँडफाड गर्ने कार्य यसका केही उल्लेखनीय उदाहरणहरू हुन् ।

विशेष गरेर प्राकृतिक श्रोत माथि आश्रीत समुदाय, महिला तथा समाजवाट उपेक्षित वर्गलाई अझ बढी सशक्तीकरण गर्न प्राकृतिक सम्पदालाई दिगो रूपमा व्यवस्थापन गर्दै वातावरणीय सुशासन कायम गर्न थप प्रयत्नशील हुनु पर्ने देखिन्छ ।

सुशासन प्राप्तिको लागि नेपाली जनताहरूले अथक प्रयास गर्नुका साथै प्रशस्त त्याग पनि गर्दै आइरहेका छन् । हामीले प्रत्यक्ष रुपमा देख्यौं कसरी हाम्रो संयुक्त प्रयासले ठूला ठूला उपलब्धीहरु समेत सजिलै प्राप्त हुने गर्दछन् । यसै भावना अनुरुप राष्ट्रको अमूल्य सम्पदाको सुरक्षार्थ हामीहरूले संयुक्त रुपमा कार्य गर्नु अपरिहार्य भएको छ ।

हामीहरू यस लक्ष्यप्रति दत्तचित्त र समर्पित छौं । सम्पूर्ण नेपालीहरुलाई मुलुकको अमूल्य प्रकृतिक सम्पदाको सुरक्षित भविष्यको लागि एकजुट भइ सहकार्य गर्न आव्हान गर्न चाहन्छौं ।

**हाम्रो पृथ्वीलाई जीवन्त बनाई नेपाल र नेपालीको उन्नत भविष्यको निर्माणका लागी हामी सबै आजै देखि एक जुट भएर लागौं !**

मितिः २०६३।३।२९

care

ICIMOD

IUCN
The World Conservation Union

The Mountain Institute

Wi Nepal

WINROCK INTERNATIONAL
Putting Ideas to Work

WWF